# खेशे पञ्चायत अध्यक्षले सहुलियतमाथि मनमानी गरेको आरोप



**गान्तोक, १२ सेप्टेम्बरः** दक्षिण जिल्लाको तुमिन लिङ्गी समष्टिअन्तर्गत सामदोङ कम्बल जीपीयुको खेशे वार्ड नम्बर १ मा पञ्चायतले पक्षपात र मनमानी गरेको आरोप लागेको छ। आज स्थानीय केही व्यक्तिहरूले यहाँ पत्रकारहरूसित कुराकानी गर्दै पञ्चायत अध्यक्ष चुड़ाकुमारी कोइरालाले गरीब जनताको निम्ति भनेर सरकारले दिएको सहुलियत वितरणमा आफूहरूसित अन्याय गरेको आरोप लगाए। आरोपी पञ्चायतले पहिलेदेखि नै आफ्नो पदको दुरुपयोग गरेर गरीब जनतालाई सहुलियत वितरणमा आफूखुशी र पक्षपात गर्ने गरेको दाबी गर्दै अन्यायले सीमा नागेपछि भने आफूहरू यसरी खुलेर विरोधमा निस्केको उनीहरूले बताए।

खेशे वार्ड नम्बर १ निवासी तेज प्रसाद कोइरालाअनुसार सीएमआरएचएम योजनाअन्तर्गत घर बड़ोत्तरी गर्न उनको नाममा आएको १५ हजार रुपियाँको चेक पञ्चायतले छलपूर्व एकजना श्रीमती शिला राईलाई प्रदान गरेको छ। उनको भनाइअनुसार उक्त चेकमा पहिले उनको नाम लेखेको छ भने पछि त्यसलाई काटेर श्रीमती शिला राईको नाम लेखेको छ। श्रीमती शिला राईले नै उक्त चेकबारे बताएपछि आफूलाई यस कथित धाँधलीबारे जानकारी भएको उनले थप बताए। उल्लेख्य, श्रीमती राईले पत्रकारहरूसितको कुराकानीमा यस कुराको पुष्टि गरेकी छन्। उनले बताएअनुसार ग्रामसभाले घर बड़ोत्तरीको निम्ति भनेर उनको लोग्नेको नाम लाभार्थीहरूको सूचीमा सामेल गरेको थियो। 'तर, चेक मेरो नाममा आयो त्यो पनि तेज प्रसाद कोइरालाको नाम काटेर मेरो नाम लिखिएको', उनले भनिन्। उक्त चेक आफूले गत २१ अगस्तको दिननै भुक्तानको निम्ति गान्तोकको एसबीएस (स्टेट ब्याङ्क अफ् सिक्किम) मा जमा गराएको तर आजसम्म भुक्तान नभएको उनले थप बताइन्।

'पञ्चायत अध्यक्ष चुड़ाकुमारी कोइरालाले ग्राम सभाहरूमा सबै गाउँलेहरूलाई नबोलाएर आफूलाई मनपर्नेहरूलाई मात्र बोलाउने गरेकी छन्। यसरीनै बितेको २८ मईको दिन पनि एउटा ग्रमासभा डाकिएको थियो जसबारे मलगायत धेरैजना गाउँलेलाई खबर भएको थिएन। उक्त ग्रामसभाले मेरो नाम हाउस अपग्रेडेशनको निम्ति १५-१५ गरेर कूल ३० हजार रुपियाँ पाउने लाभार्थीको सूचीमा हालेको कुरा मैले पछिबाट स्थानीय खण्ड विकास अधिकारी मार्फत थाहा पाएँ। दिन बित्दै गयो। एक दिन खण्ड विकास अधिकारीले चेक आएको जानकारी गराउँदै कार्यालयमा लिन आउनु भने। तर, बीडीओ कार्यालय पुग्दा मैले चेक पाउन सकिन। यसैबीच श्रीमती शिला राईले मेरो नाम काटेर उनको नाम लेखेको चेकबारे बताएपछि मात्र मलाई यस धाँधलीबारे थाहा भयो', तेज प्रसाद कोइरालाले भने। यस बारेमा स्थानीय खण्ड विकास अधिकारी उत्तम छेत्रीलाई भेटर जान्न चाहँदा आफूलाई पञ्चायत र अन्यहरूको 'प्रेसर' रहेको कुरा बताएको उनले पत्रकारहरूलाई बताए। यस बारेमा आफूले विभागका उच्च अधिकारीहरूसम्म पुगेर न्यायको अपील गरेको उनले थप बताए। यसैबीच आफूसित भएको यस अन्यायबारे स्थानीय एउटा सञ्चार माध्यममार्फत कुरा राख्दा आफूमाथि दबाउ दिने कोशिश गरिएको पनि कोइरालाले बताए।

यसरी नै स्थानीय निवासी दयाराम विश्वकर्मा र भक्त बहादुर बुड़ाथोकीले पनि पञ्चायत चुड़ाकुमारी कोइरालाले सहुलियत वितरणमा धाँधली गरेको आरोप लगाएका छन्। उनीहरूको आरोपअनुसार पञ्चायतले ३० पन्ना च्यादरको सट्टा क्रमशः २२ र १९ पन्ना मात्र आफूहरूलाई प्रदान गरे। रहल च्यादर कहाँ गयो भन्दै उनीहरूले प्रश्न तेर्साएका छन्। 'हामी गरीब छौं। हाम्रो घरको अवस्था अतिनै सोचनीय बन्न पुगेको छ। पञ्चायतले हामीसित अन्याय गरेको छ। सरकारसित हाम्रो कुनै गुनासो छैन। सरकारले त हामीलाई दिएकै हो। हामी सरकारसित खुशी छौं तर पञ्चायतसित दुःखी छौं', उनीहरूले भने। आफूहरू सत्ताधारी एसडीएफ पार्टीकै समर्थक रहेको बताउँदै पार्टीले आगामी चुनाउमा सही र इमान्दार व्यक्तिलाई टिकट दिनुपर्ने नत्र पार्टीकै छबि खराब हुने उनीहरूले बताए।

अर्कोतिर, तेजप्रसाद कोइरालाले साँझको समयमा हाम्रो प्रजाशक्तिलाई फोन मार्फत् दिएको जानकारी अनुसार पत्रकार सम्मेलनपछि उनलाई एडीसी र बीडीओले एडीसी कार्यालयलमा बोलाएर उनलाई रु. १५००० रुपियाँ प्रदान गरेको जानकारी दिएका छन्। उनले अघि बताएअनुसार अधिकारीहरूले आफ्नो घरको निरीक्षण गरेर मेरो घरको दुरावस्था देखेपछि सो रकम प्रदान गरिएको बीडीओ र एडीसीले आफूलाई बताएको कोइरालाले फोनमार्फत् जानकारी दिएका हुन्।

# योक्समको टिङटिङ प्राथमिक पाठशालामा शिक्षक दिवस

**गान्तोक, १२ सेप्टेम्बरः** गत सोमबार योक्समको टिङटिङ प्राथमिक पाठशालामा शिक्षक दिवस एवं सम्मान समारोह सम्पन्न भयो। कार्यक्रमको आयोजन विद्यार्थी तथा पाठशाला प्रबन्धन कमिटीद्वारा गरिएको थियो। उक्त कार्यक्रममा क्षेत्र विधायक सोनाम डाडुल भोटिया मुख्य अतिथिको रूपमा उपस्थित थिए भने एसडीएम योक्सम डा. सोनाम रिञ्छेन लेप्चा, बीडीओ योक्सम निक्जे ल्हमु भोटिया, पञ्चायत सभापति बुद्ध हाङ सुब्बा, सचिव दिछेन वाङ्चुक भोटिया सहित एचआरडीडीका अधिकारी, विद्यार्थीहरू अनि स्थानीयवासीको उपस्थिति थियो। उक्त अवसरमा दराप पश्चिम सिक्किमका ख्याति प्राप्त म्याराथन म्यान अमर सुब्बालाई स्कूल प्रशासन अनि पाठशाला प्रबन्धन कमिटीले प्रसस्ती पत्रद्वारा सम्मान जनायो। सोही प्रकारले आफ्नो औंलामा ९५ प्रजातिका पुतली नचाउन सक्ने कलाले लिम्का बुक रेकर्डमा नाम दर्ता गरिसकेका नवाङ ग्याछो भोटियालाई पनि सम्मान जनाइयो भने दुई जना अवकाश प्राप्त शिक्षक अनि पश्चिम सिक्किम गेजिङका फुटबल खेलाड़ी रोबिन गुरूङलाई पनि सम्मान जनाइयो।

समारोहलाई सम्बोधन गर्दै क्षेत्र विधायक सोनाम डाडुल भोटियाले यस प्रकारको सम्मान कार्यक्रम आयोजन गरिएकोमा पाठशाला प्रबन्धन पक्ष एवं पाठशाला परिवारप्रति बधाई एवं आभार व्यक्त गरे। प्रधानाध्यापक लेन्डुप लेप्चाद्वारा राखिएका मागको प्रतिउत्तरमा क्षेत्र विधायक सोनाम डाडुल भोटियाले पाठशालाको खेल मैदान मरम्मति अनि सुरक्षा पर्खाल निर्माण आदि कार्यमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। यसैगरी विद्यार्थी, पाठशालाका शिक्षक-शिक्षिकाहरू अनि पाठशाला प्रशासनलाई सम्भावित सबै प्रकारको सहयोग प्रदान गर्ने आश्वासन पनि दिए।

# दुर्गोत्सवकै समयमा उग्रवाडी सङ्गठनहरूले विध्वंस मच्चाउन सक्ने

**प्रजाशक्ति समाचारः: गुवाहाटीः:** १२ सेप्टेम्बरः: शारदीय दुर्गोत्सवकै बीचमा यसप्टक देश तथा राज्यमा विध्वंस मच्चाउन उग्रवादी सङ्गठनहरू सक्रिय भएका छन्। उग्रवादीको एउटा बृहत समूह राज्यमा छिर्नका लागि सीमा क्षेत्रमा डेरा हालेर बसेका छन्। केन्द्रीय गुप्तचर संस्थाले रसायनिक आक्रमणले विध्वंस मच्चाउन सक्ने आशङ्का प्रकट गरेपछि राज्यको गृह विभागले पनि सबै जिल्लाका पुलिस अधीक्षकलाई सतर्क भएर बस्न निर्देश जारी गरेको छ। यसैबीच केन्द्रीय गुप्तचर संस्थाको उक्त रिपोर्टपछि राज्यका जनता कत्तिको सुरक्षित छन्? भन्ने प्रश्न पनि खडा भएको छ।

पूर्वोत्तर राज्यका पहाडी क्षेत्रलाई कोरिडोरका रूपमा व्यवहार गर्दै उग्रवादी सङ्गठनहरूले कुनै समयमा पनि विध्वंस मच्चाउने सम्भावना प्रकट भएपछि सबै जिल्लाका पुलिस अधीक्षक पनि सक्रिय भएर बसेका छन्। सीमा क्षेत्रमा टाँसिएका जिल्लाहरूमा गृह विभागले तीखो नजर राखेको छ। संवेदनशील क्षेत्रहरूमा पनि पुलिसले कडा नजर राखेको छ। कुनै समयमा पनि उग्रवादी वा आतङ्की सङ्गठनले आपराधिक घटनालाई अञ्जाम दिन सक्छन् त्यो कुरा केन्द्रीय गुप्तचर संस्थाको सूत्रबाट थाहा भएको छ। यता उग्रवादी संगठनहरूको बारेमा केन्द्रीय गुप्तचर संस्थाको यस्तो इनपुटपछि दुर्गोत्सवको समयमा जनलाई सुरक्षा प्रदान गर्नका लागि असम पुलिसका शीर्ष अधिकारीहरू नयाँ नयाँ रणनीति तयर पार्नमा व्यस्त रहेका छन्। तर पुलिसको यो सतर्कतामा जनता कत्तिको सुरक्षित छन् त ? गुप्तचर संस्थाका अनुसार, यदि वास्तवमै सीमा क्षेत्रमा उग्रवादी अथवा आतङ्की सङ्गठनले डेरा हालेर बसेका छन् भने राज्यको सीमा क्षेत्रको सुरक्षाका लागि असम सरकारको गृह विभागले के कस्ता कदम अप्नाएको छ त? राज्यका सीमा क्षेत्रमा बसोबास गर्ने जनता कत्तिको सुरक्षित छन् त? यसै विषयमा अहिले विभिन्न प्रश्न पनि खडा भएका छन्।

# पूर्व अगोस नेता अरूण उपाध्यायका छोरा दुर्घटनाग्रस्त, आइसीयूमा भर्ना

**प्रजाशक्ति समाचारः: गुवाहाटीः:** १२ सेप्टेम्बरः: असम गोर्खा सम्मेलनका पूर्व कार्यकारी अध्यक्ष अरूण उपाध्यायका छोरा अभिषेक उपाध्याय बङ्गलुरू शहरमा भयावह सडक दुर्घटनामा परेर आइसीयूमा भर्ना भएका छन्। प्राप्त जानकारी अनुसार, आइतबार साँझ बङ्गलुरू शहरमा अभिषेक मटर साइकलमा गइरहेको अवस्थामा एउटा ट्रकले उनलाई ठोक्कर हान्यो। त्यसपछि नै उनलाई बेन्नरकटा एपल्लो अस्पतालमा भर्ना गराइएको छ। उनका पारिवारिक सूत्रबाट थाहा लागे अनुसार उनी अहिले सङ्कटमुक्त छन्। यता यस घटनाको विषयमा असम गोर्खा सम्मेलनका मूलसचिव भास्कर दाहालले भगवानसँग उपाध्यायको शीघ्र आरोग्यको कामना एवम् उनीमाथि समग्र असमका जनताको प्रार्थना रहेको बताएका छन्।

# यसपटक स्वास्थ्य विभागमा गुणोत्सव

**स्टाफ रिपोर्टरः: गुवाहाटीः: १२ सेप्टेम्बरः:** मैले बितेका १५ वर्षमा जे जे गर्छु भनेको थिएँ, गरेरै छोडे। तपाईंहरू सबैलाई थाहै छ। राज्यमा दीनदयाल उपाध्यायको नाममा सरकारी कलेज स्थापन गरेको विषयमा विवाद भइरहेको बेला आज विधानसभा परिसरमा राज्य सरकारका प्रभावशाली मन्त्री डा हिमन्त विश्व शर्माले प्रतिपक्षलाई यसरी जबाफ दिए।

असम विधानसभाको अधिवेशनको आज सातौं दिन विपक्षीलाई उद्देश्य गर्दै मन्त्री हिमन्त विश्व शर्माले यो वाक्यवाणले जनसंघका संस्थापक दीनदयाल उपाध्यायको नाममा महाविद्यालय स्थापनको विरोध गर्ने संस्था-सङ्गठनहरूलाई यसरी चुनौती दिए। राज्यमा आसू, कृषक मुक्ति संग्राम समिति लगायत विभिन्न संस्था-सङ्गठनले दीनदयाल उपाध्यायको नाममा सरकारी कलेज स्थापनको विरोध गरेको र हालैमा कृष्कमुक्तिका कार्यकर्ताले तीनवटा केलजमा दीनदयाल उपाध्यायको नाम प्लेटमा कालो मसी दलेपछि मन्त्री हिमन्त विश्व शर्माले उनीहरूको लगातार विरोध भएपछि सरकारले दीनदयाल उपाध्यायको नाममा कलेज स्थापन गर्छ नै भनेर सङ्केत दिए। मन्त्री हिमन्त विश्व शर्माले आज विधानसभामा जानकारी दिए अनुसार यसपटक राज्य सरकारले बीटीएडीमा चारवटा दीनदयाल आदर्श महाविद्यालयको स्थापन गर्नेछ। मन्त्री शर्माले अब शिक्षा विभागको जसरीनै स्वास्थ्य विभागमा पनि गुणोत्सवको आयोजन गरिनेछ भनी घोषणा गरे। उनले भने कि, गुणगत शिक्षाको मानदण्ड विकसित गर्ने उद्देश्यका साथ शिक्षा विभागमा गुणोत्सवको आयोजन गरिएको थियो। गुणोत्सवको एउटा चरण समाप्त भएपछि अब अर्को चरणका लागि विद्यालयका शिक्षक-विद्यार्थीहरू व्यस्त भएको समयमा स्वास्थ्य विभागमा पनि गुणोत्सवको आयोजन गरिनेछ भनी मन्त्री हिमन्त विश्व शर्माले आज विधानसभामा जानकारी दिएका हुन्। यसका साथै दुर्गम क्षेत्रमा शिक्षकता गरिरहेका शिक्षिकाहरूलाई सरूवाको सुविधा दिने आश्वासन दिंदै पुरूष टेट शिक्षकहरूलाई सरूवा गरिने छैन भनी स्पष्ट पारे। टेटको माध्यमद्वारा शिक्षक गरिरहेका शिक्षकहरूलाई बीएड डिग्री लिन वाध्यतामूलक छ भनी बताउँदै उनले बीएडका लागि दुई वर्ष विदा दिइनेछ र त्यो दुई सालको वेतन पनि दिइनेछ भनी मन्त्रीले बताए।

# तिमीमा एसकेएमको सभा

**गान्तोक, १२ सेप्टेम्बरः** तिमी नाम्फिङ समष्टि अन्तर्गत लोवर तिमीका कृष्ण प्रधानको बासस्थानमा आज एसकेएम पार्टीको समष्टि स्तरीय कार्यकर्ताहरूको जनचेतना कार्यक्रम सम्पन्न भयो। दक्षिण जिल्ला समितिको तत्वावधानमा आयोजित कार्यक्रमको सभाध्यक्षता दिछेन फिगु भोटिया (पार्टी उपाध्यक्ष)-ले गरेका थिए भने सभामा दक्षिण जिल्ला महासचिव प्रभारी ललित शर्मा, जिल्ला अध्यक्ष लोबजाङ भोटिया, मजदूर मोर्चा महासचिव टाशी भोटिया, एमबी मोक्तान, टेनी डोमा भोटिया तथा समष्टि स्तरीय कार्यकर्ताहरूको सहभागिता रहेको थियो।

सभामा विशेष गरी आउँदो पञ्चायत चुनाउको निम्ति छलफल गर्दै समष्टि स्तरीय कार्यकर्ताहरूले क्षेत्रका विभिन्न वार्डहरूको रोस्टर सिस्टमली नियालेर क्षमतावान प्रत्यासीहरूको चयन गरिनुपर्ने आदि विषयमा चर्चा गरियो। सभाले पार्टीको युवा र नारी शाखाको निम्ति एउटा दह्रिलो टोली खड़ा गर्ने जसले पछि गएर पार्टीको कार्यक्रमहरू जनता माझ लैजाने दायित्व बोक्नुपर्ने बारे चर्चा गरियो। यसरी नै जिल्ला समितिले समष्टि समितिलाई अबदेखि उसो तीव्र रूपले जनताको घर घर गएर पार्टीको लक्ष्य, सिद्धान्तको अवगत गराउनुपर्ने कुरामा जोड़ दिइयो साथै जनतामाथि अन्याय भए त्यसबारेमा पनि आवाज उठाउनुपर्ने आह्वान गरियो।

# डाइबिटिज र हाइपरटेन्सनमाथि जागरूक कार्यक्रम

**रम्फू, ११ सेप्टेम्बरः** डाइबिटिज र हाइपरटेन्सनमाथि रम्फू प्राथमिक स्वास्थ्य केन्द्रमा आयोजित दुई दिवसीय जागरूक कार्यक्रम आज समाप्त भयो। फाउण्डेशन फर रिसर्च इन कम्युनिटी हेल्थद्वारा आयोजित कार्यक्रममा क्षेत्रका आगनबाड़ी कार्यकर्ता, आशाकर्मीहरूको विशेष उपस्थिति रहेको थियो। रिसर्च अफिसर डाक्टर अमिताभ आचार्य, रिसर्च असोसिएट सुशन प्रधान र मिङ्मा वाई शेर्पाले डाइबिटिज र हाइपरटेन्सनमाथि आ-आफ्ना विचारहरू आदान-प्रदान गरे। वर्ल्ड डाइबिटिज फाउन्डेसनद्वारा प्रायोजित मिशन अन्तर्गत संस्थाले टाउँ-ठाउँ स्क्रिनिङ पनि शुरु गरेका छन्।

# फूलपाती महोत्सव फुटबल प्रतियोगिता शुरू

**गान्तोक, १२ सेप्टेम्बरः** नाम्चेबुङ समष्टिको आहो याङताम खण्ड अन्तर्गत लिटल एञ्जल स्कूलको खेल मैदानमा फूलपाती महोत्सव फुटबल प्रतियोगिता शुरू भएको छ। आज प्रतियोगिताको उद्घाटन एसडीएफ पार्टी केन्द्रिय समितिका संगठनिक सचिव एवं आहो याङताम बीएलसी सभापति सुरेश सुब्बाद्वारा गरियो। उनले आफ्नो सम्बोधनमा सिक्किमका गाउँ बस्तीमा रहेका युवा प्रतिभाहरूलाई नशालु पदार्थ तथा लागु औषधीदेखि टाड़ा रहेर खेलकुदको क्षेत्रमा अघि आउने आह्वान गरे। गाउँका कुना कुनामा युवा प्रतिभाहरू धेरै मात्रामा रहेको तर अवसर नपाएर त्यसै ओझेलमा पर्ने गरेकोले अब त्यस्तो नहोस भनेर राज्यका मुख्यमन्त्रीले खेलकुदको क्षेत्रमा युवाहरूलाई प्राथमिकता दिएर यस क्षेत्रको विकासमा ध्यान दिएको जानकारी गराए। यसैगरी खेलाड़ीहरूलाई राज्य, राष्ट्रिय अनि अन्तरराष्ट्रिय स्तरको खेलमा स्वर्ण, रजत र काँस्य पदक जित्ने खेलाड़ीहरूलाई सरकारबाट सहयोग दिंदै आएको बताए।

यसरी नै क्षेत्र विधायक बीबी राईले स्वयंले पनि खेलकुदको क्षेत्रमा लागि परेर युवाहरूलाई खेलकुदको विकासका लागि धेरै काम भइरहेको बताए। यसरी नै आयोजक समितिलाई यस्तो दुर्गम गाउँमा पनि फुटबल खेलको आयोजना गरेर युवावर्गमा खेलकुदको भावना जगाई खेलप्रति अग्रसर गराएकोमा आभार व्यक्त गरे।

# सचेत नारी परिवार सिक्किमद्वारा खाद्यान्न प्रदान

**गान्तोक, ११ सेप्टेम्बरः** 'मानव सेवा नै माधव सेवा हो' भन्ने ध्येय राखेर सचेत नारी परिवार, सिक्किमले शुरु गरेको खाद्यान्न सेवाको छैटौं पालीको खाद्यान्न सेवा दार्जीलिङका बन्द प्रभावित पोखेबुङ-चामोङ समष्टिअन्तर्गत सेलेम्बोङ चियाबारीको तरूण संघका १०० परिवार, सल्लाघारी उत्तीस घारीका ५० परिवार, समरिकपानीका ६० परिवार अनि नागरी-धजे १६ नम्बर समष्टिअन्तर्गत मगरजोङ चियाबारीका ३०० परिवारलाई चामल, आँटा, खाने तेल, दाल, नून अनि नानीहरूलाई मुरई, बिस्कुट वितरण गर्‍यो। सचेत नारी परिवार, सिक्किमले यसरी नै गत २७ अगस्त, २०१७ को दिन पनि दार्जीलिङको ब्लुमफिल्ड चिया कमानका १०० परिवार, बरबोटे बस्तीका १०० परिवार अनि बनेसबोङ चिया कमानका १५० परिवारलाई चामल, दाल, आँटा, तेल, नून वितरण गरेको थियो। यसरी सचेत नारी परिवार, सिक्किमले हालसम्म लगभग १८०० बन्द प्रभावित परिवारहरूलाई खाद्य सामाग्री वितरण गरिसकेको सचेत नारी परिवार सिक्किमकी अध्यक्षा शीला थामीले एक विज्ञप्तिमार्फत् बताएकी छन्।


**URGENT PLACEMENT FOR INTERNATIONAL AGENCIES**
Lic No.: 00930/BOM/PART/1000/5/904/84
Urgently Required M/F candidates to offer jobs in different countries

| Sl. No. | Category | Salary/Monthly | Countries |
|---|---|---|---|
| 01 | Air Hostess | US$ 5000.00 | Oman |
| 02 | Factory Labours | US$ 1200-2000 | Japan |
| 03 | SONY Factory Labours | US$ 800-1200 | China |
| 04 | Hotel Staffs | IC60,000-70,000 | Macau |
| 05 | Caregiver | IC 40,000-60,000 | Macau |

To know more details: Airport Plaza Building, Upper Bagdogra, Siliguri
Mob.: 75840-19809, 75840-19810, 0353- 2004625
Email:rinternational05@yahoo.com

**Citi Computers**
Above Digital Panorama, TIBET ROAD, GANGTOK.
PH: 9832025675, 9547909698
Admission opens for **BCA, BBA, BA, MA, etc.** With **UGC, AICTE**, Distance approved university. **Regular tuition Classes**
**Admission and counseling centre**
Computers Courses from Basic to diploma avail at the reasonable price.
Limited seats, Hurry up …

**COACHING FOR SPSC EXAM**
**LDC 100 POSTS / Banking Exams**
**Assistant Electrical Engineer (21 post)**
Highly Experienced Faculty
Attend trial classes and Join
Providing All Study Materials for Registered Students in UDISHA only.
**Admission going on**
B.ED / M.ED / MBBS / B.TECH
MD / MBA / B.Arch / GNM, BSC NURSING
D.Pharm. / B.Pharm. / M.Pharm. / Agriculture / Microbiology / Forestry / Food Techonology / Horticulture / BBA(HM) / Diploma(HM) and all para medical courses
**UDISHA** SINCE 2007
PNG School Road, Gangtok
**Call: 9434137448 / 9083289834**

**ULTRA MODERN ADVANCE IVF**
Test Tube Baby Centre ICSI IUI available for all women's problems
**FAMILY CLINIC**
**Dr. Kavita Mantry**
INFERTILITY SPECIALIST
(Gold Medalist) MD, DNB MRCOG (I), London.
Metro Height, 3rd Floor, Don Bosco More, Siliguri.
Ph: 0353-2545544 / 9800983790 / 8372801570

**समस्या छ भने समाधान पनि छ**
पामस्ट्री, हस्तरेखा एउटा भाषा हो जो हातमा बोलिन्छ। ईश्वरले मनुष्यको हातमा रेखाहरु यसकारण बनाए ताकि उसले आफ्नो भाग्यको बारेमा जान्न सकोस्। ईश्वरले तपाईको भाग्यमा के लेखेको छ? तपाईको हातको रेखाहरूले के भनिरहेछ जान्नुहोस् आफ्नो भाग्यको विषयमा पूरा जानकारी। 25 वर्षभन्दा अधिक समयदेखि अनुभवी हस्तरेखामा आधारित सफ्टवेयर बनाउने अनि हस्तरेखामा पुस्तक लेख्ने प्रवीण भाई शास्त्रीजीबाट।
**Power of Jems and Rudraksha**
Opp. Bata Show Room
M.G. Marg, Gangtok - 737101, Sikkim
Contact : 7076223236
**नर सेवा नारायण सेवा**
- निःशुल्क छाला रोगको दवाई
- निःशुल्क पाइल्स रोगको दवाई
- निःशुल्क पीलिया रोगको दवाई
- निःशुल्क पिरामिड मेडिटेशन

**ONE-SITTING-EXAM** B.A, B.COM, B.SC, MA M.COM, M.SC, MBA, BBA, BCA, MCA, MSW, B.L.I.SC
**PARAMEDICAL, X - RAY, NURSING**
UGC, NCTE, RECOG, REG & DISTANCE, LOW%DO B.Ed
**B.Ed.** 100% PASS
• M.ED, D.ED, B.P.ED, LLB
• M.PHIL, PH.D, B.E, POLY
X & XII C.B.S.E/N.I.O.S,
CONT: GOOD SHEPHERD : (SINCE). 1996) OPP: MARGRAET SCHOOL NEAR-NATURE CURE HOSPITAL, PRADHAN NAGAR, SILIGURI
M. : 99320-98092, 99331-28991

**KANHAIYA JEWELLERS**

यहाँ सक्कली नेपाली सुन (24 कैरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ। विश्वास तपाईको, भरोसा हाम्रो।
**Specialist in :**
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
**Available** Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE

**Teacher Requirement**
**Darjeeling Public School**
Dabgram, Fulbari, Siliguri
(Affiliated to CBSE)
urgently requires following teachers: M. P. Ed, PGT-Biology, PGT-Maths & PRT-Hindi.
Lodging facilities available.
Apply within 10 days
Contact : 0353-2568456/07864005237,
Email : darjeelingpubschool@rediffmail.com, schooldarjeelingpublic@gmail.com

**जमीन बिक्रीमा**
सिलिगुढ़ी महकुमा धिमाल मौजा अन्तर्गत शिवमन्दिर देखि ताराबारी नयाँ बस्ती भएर पानी घट्टा जाने पक्का रोड संगै को प्लटिंग एरियाको जेनरल रजिष्टर्ड जमीन ८ (आठ) कठ्ठाको प्लट बिक्रीमा। रेसोट/ होटल को लागि उपयुक्त। टोटल मूल्य रू. ८ लाख (आठ लाख मात्र)। यो जमीन शान्ति नर्सिंग होमको ६४ बिघाको प्लट संगै छ। एमर्जेन्सी परेको हुंदा चलेको रेट भन्दा सस्तोमा जमीन बिक्री गरिंदै छ।
**सम्पर्कः** ७८७२७०३५००, ९००२९९४३०५

**NEED LIC HOUSING LOAN CONTACT :**
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY


नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। -सम्पादक